# गुल्मीदरबार गाउँपालिका

## स्थानीय राजपत्र

**खण्ड :४        संख्या :३        असोज ०५ गते  सोमबार, २०७७**

## भाग-२

# भूमि बैंक सम्बन्धी कार्यविधी, २०७७

कार्यपालिकाबाट स्वीकृत मिति : २०७७।०४।२५

**प्रस्तावनाः**

विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड १९) को कारण देश विदेशबाट यस गुल्मीदरबार गाउँपालिकामा फर्कनु भएका र कृषि पशुपालन मार्फत आय आर्जन र आत्म निर्भर बन्न खोज्नु भएका नागरिकहरुलाई लक्षित गरि पालिकाभित्र रहेको बाँझो जमिन घटाई खेतीयोग्य जमिनको क्षेत्रफल विस्तार गर्दै, कृषकहरुको मनोवल उच्च राख्दै बाँझो जमिनको उपयोग लाई भूमि बैंक मार्फत व्यवस्थित र प्रभावकारी बनाउनको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ र गुल्मीदरबार गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ को दफा (४) बमोजिमको अधिकार प्रयोग गरि यो कार्यविधि तयार गरी जारी गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम **“भूमि बैंक सम्बन्धी कार्यविधी, २०७७”** रहनेछ ।
   (२) यो कार्यविधि गाउँकार्यपालिकाबाट स्वीकृत भएपश्चात लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः
   (१) **“गाउँपालिका”** भन्नाले गुल्मी दरबार गाउँपालिका बुझिनेछ ।
   (२) **“कार्यालय”** भन्नाले गाउँ कार्यपालिकालाई बुझाउँछ । सो शब्दले वडा कार्यालय समेतलाई बुझाउनेछ ।
   (३) **“गाउँकार्यपालिका”** भन्नाले गुल्मी दरबार गाउँकार्यपालिकालाई बुझाउनेछ ।
   (४) **"अध्यक्ष"** भन्नाले गुल्मीदरबार गाउँपालिकाका अध्यक्षलाई सम्झनु पर्छ ।
   (५) **"जनप्रनिधि"** भन्नाले गुल्मीदरबार गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, कार्यपालिका सदस्य र सभाका सदस्यहरुलाई सम्झनु पर्छ ।

(६) **“भूमि बैंक”** भन्नाले पालिका भित्र रहेका खेतीयोग्य बाँझो जमिनको उपभोग गर्नको लागि पालिकाले संचालन गरेको कार्यक्रमलाई सम्झनु पर्छ ।

(७) **“प्रमुख प्रशासकीय अधिकृत”** भन्नाले गुल्मीदरबार गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई बुझाउनेछ ।

(८) **“कर्मचारी”** गाउँपालिका तथा वडा कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारीलाई बुझाउनेछ ।

३. **भूमि बैंक : (१)** गुल्मीदरबार गाउँपालिका भित्रका विभिन्न वडाहरुमा रहेका खेतीयोग्य बाँझो जमिनको प्रयोग गर्न स्थानीय श्रमको व्यवस्थापन गर्दै परम्परागत खेति प्रणालीलाई आधुनिक खेती प्रणाली मार्फत व्यवसायीक खेती गर्ने उद्देश्यले भूमिको व्यवस्थापनको लागि स्थापना गरिएको एकीकृत बाँझो जमिनलाई निम्नानुसार व्यवस्थित गरिनेछ ।

(२) पालिकाभित्र रहेका खेतीयोग्य बाँझो जग्गा तथा अन्य बाँझो जग्गा आफूले उपभोगको नगरी खाली राखेका जग्गाधनीले अनिवार्य रुपमा अनुसूची १ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको बमोजिम निवेदन नदिने जग्गाधनीलाई पालिकाको तर्फबाट उपलब्ध गराईने सम्पूर्ण सेवासुविधाहरुबाट बन्चित गरी तोकिए बमोजिमको जरीवाना गरिनेछ ।

(४) उपदफा (२) बमोजिमको जग्गाहरु पालिकाको भूमि बैंकमा दर्ता हुनेछन् ।

(५) बाँझो राखिएको खेतियोग्य जमिनको उपयोग गरी कम्तीमा ३ रोपनीमा कृषि खेती गर्न चाहने कृषकलाई प्रति रोपनीका दरले कार्यपालिकाले तोके अनुसारको रकमका दरले नगद अनुदान उपलब्ध गराईने छ ।

(६) बाँझो राखिएको खेतियोग्य जमिन उपभोग नगर्ने जग्गाधनीले आफूले उपभोग गर्न नसक्ने भएमा पालिकाले जग्गाको वर्गिकरण र उपभोग गर्न नकसकेको मनासिव कारणको आधारमा निर्धारण गरेको रकममा पालिकालाई कम्तिमा ३ वर्षको लागि भाडामा दिनुपर्नेछ ।

(७) आफ्नो जग्गा नभएको/पर्याप्त नभएको पालिकाका नागरिकले व्यवसायीक रुपमा कम्तिमा ३ वर्ष सम्मको लागि कृषि तथा पशुपालन सम्बन्धी कार्य गर्न इच्छुक भएमा पालिकाको भूमि बैंकमा रहेको जग्गा निशुल्क उपलब्ध गराईनेछ ।

(८) उपदफा (५) बमोजिमको खेतीयोग्य जमिनमा अनिवार्य कृषि उपजहरुको उत्पादन र बेमौसि तरकारी खेती नगदे बाली उत्पादन गर्नुपर्नेछ भने अन्य बाँझो जमिनमा फलफूलका विरुवा तथा पशुपालन सम्बन्धिका कार्यहरु गर्नुपर्नेछ ।

(९) उपदफा (५) बमोजिम उपलब्ध गराईएको जग्गामा पालिकाको तर्फबाट समय समयमा आवश्यक मल तथा अन्य प्राविधिक सहयोग उपलब्ध गराईनेछ ।

(१०) उत्कृष्ट कृषि उत्पादन तथा पशुपालन गर्ने कृषकलाई पालिकाको तर्फबाट सम्मान गर्ने व्यवस्था मिलाईनेछ

(११) कृषकहरुले आफूले उत्पादन गरेको कृषि उपज आफैले विक्री वितरण गर्न नसकेको अवस्थामा पालिकाले उचित मूल्यमा उत्पादित वस्तुहरुको विक्री वितरण गर्ने र पालिकाको कोशेली घरमा ल्याउने व्यवस्था मिलाउनेछ ।

(१२) पहिलो पटक बाँझो जमिनलाई जोती खेती गर्न गोरु वा कृषि उपकरण खरिदको लागि पालिकाको तर्फबाट आवश्यक अनुदान उपलब्ध गराईनेछ ।

४. **बजेट/श्रोतको व्यवस्थाः** (१) भूमि बैंकमा रहेका जग्गाहरु भाडामा लिन दिनको लागि आवश्यक रकमको व्यवस्था गाउँपालिकाले मिलाउनु पर्नेछ ।

(२) गाउँपालिकाले भूमी बैंक सम्बन्धी कार्य गर्दा खर्च हुने रकम पालिकाको भूमि बैंकमा छुट्टाएको रकमबाट पर्नेछ । तर भूमि बैंक कोषमा आवश्यक रकमको अभाव भएमा गाउँपालिकाले बचत रहने अन्य श्रोतबाट समेत खर्च/भुक्तानी गर्न सक्नेछ ।

(३) यसरी खर्च गरिएको रकमको हिसाब गाउँपालिकाले बेग्लै राखु पर्नेछ र सो को विवरण प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकामा पेश गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(४) कृषि ज्ञानकेन्द्र गुल्मीसँग समेत समन्वय गरी कृषि ज्ञानकेन्द्र र पालिकाको साझेदारीमा कार्यक्रम संचाललाई निरन्तरता दिईनेछ ।

५. **अन्य/विविधः** (१) यस कार्यविधिको कार्यान्वय गर्दा केही दुविधा पर्न गएमा गाउँपालिकाले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(२) यस कार्यविधिमा गाउँ कार्यपालिकाले समय-समयमा आवश्यक हेरफेर गर्न सक्नेछ ।

अनुसूची १

दफा ३(२) संग सम्बन्धित

(बाँझो जग्गा भूमि बैंकमा दर्ताको लागि दिने निवेदनको ढाँचा)

जग्गाधनीको नाम थर :...........................................................................................................

ठेगाना : गुल्मीदरबार गाउँपालिका वडा नं ......., टोल ................. सम्पर्क नम्बर : ..........................

कित्ता नं. ............. क्षेत्रफल ................................ जग्गाको किसिम ................................

जग्गा रहेको स्थानको ठेगाना : गुल्मीदरबार गाउँपालिका वडा नं......, टोल/स्थान ...................................

**१. जग्गाको विवरण**

क. जमिनको बनोट (सम्मो, भिरालो, ढुङ्ग्यान भएको, झाडी भएको, ठुलठुला रुख बिरुवा भएको, जंगलमा भएको)

ख. सिंचाईको व्यवस्था भए/नभएको :

ग. नजिकै पानीको श्रोत भए/नभएको :

घ. पानीको श्रोत भए कति मिटर टाढा रहेको छ :

ङ. माटो कस्तो प्रकारको छ (रातो,बलौटे, ढुङ्गागिटी मिक्स भएको, कालो) :

च. भिरालो / सम्मो बारी/खेत छ भने कति वटा छ संख्या उल्लेख गर्ने :

छ. खेतका गराहरु छन भने कति वटा छन् :

ज. पारीलो तथा ओसीलो कस्तो प्रकारको छ उल्लेख गर्ने :

२. भाडामा दिन चाहेको अवधी (कम्तिमा ३ वर्ष) :

३. जग्गा सम्बन्धी अन्य कुराहरु भए खुलाउने :

४. आफ्नो मुख्य व्यवसाय :

४. घरपरिवार संख्या : बैदेशिक रोजगारमा गएको संख्या :

५. नेपालमा रोजगारी प्राप्त गरेको संख्या : बेरोजगार संख्या :

६. बाँझो जग्गा आफैले प्रयोग गर्न नसक्नुको कारण : ...........................................................................

.............................................................................................................................................

**संलग्न गर्नुपर्ने कागजात**

क. जग्गाधनीको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि

ख. जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि

ग. जग्गाको नक्सा

निवेदकको हस्ताक्षर

मिति : २०७७।०६।......

आज्ञाले
लक्ष्मण पाण्डे
प्रमुख प्रशासकीय अधिकृत